२. **ने.वि.प्रा. कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ संशोधन गर्नेबारे।**

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ को विनियम १०३ मा भएको व्यवस्था वमोजीम अवकाश भुक्तानी गर्ने प्रयोजनका लागि स्वीकृत अवकाश कोषको रुपमा ने.वि.प्रा., अवकाश कोषको स्थापना भई हाल सञ्चालनमा रहेको छ। हाल उक्त कोषबाट अवकाश भुक्तानी गर्ने प्रयोजनको लागि २०६३।०४।०१ पश्चात स्थायी नियुक्ति भएका कर्मचारीहरुको योगदानमा आधारीत स्वीकृत अवकाश कोष तथा २०६३।०४।०१ भन्दा अगाडि नियुक्ती भएका कर्मचारीहरु समेतको योगदानमै आधारीत कर्मचारी सुरक्षण कोष सञ्चालनमा रहि मासिक रुपमा सम्वन्धित कर्मचारीबाट अवकाश कोष/कर्मचारी सुरक्षण कोष कट्टि तथा ने.वि.प्रा. बाट समेत रकम थप गरि जम्मा हुँदै आएको छ।

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ को विनियम १०३ मा भएको व्यवस्था वमोजीम अवकाश भुक्तानी गर्ने प्रयोजनका लागि स्वीकृत अवकाश कोषको रुपमा ने.वि.प्रा., अवकाश कोषको स्थापना भई हाल सञ्चालनमा रहे पनि उक्त कोष पूर्णरुपमा सञ्चालन भई नसकेको कारणबाट प्राधिकरणबाट अवकाश प्राप्त गर्ने कर्मचारीहरुलाई दिईने ने.वि.प्रा. कर्मचारी सेवा विनियमावलीमा व्यवस्था भए बमोजिमको संचित विदा, औषधिउपचार, बीमा, उपदान आदि वापतको रकम प्राधिकरण अन्तर्गतको स्वीकृत अवकाश कोष मार्फत भुक्तानी नभई विभिन्न बजेट केन्द्रहरुबाट सोझै भुक्तानी हुंदै आएको छ।

यसरी अवकाश पश्चात भुक्तानी हुने रै रकममा आयकर ऐन, २०५८ को दफा ८८ (१) बमोजिम १५% का दरले श्रोतमा करकट्टी भै रहेकोमा यसै विषयमा वेद बहादुर लावती विरुद्ध राष्ट्रिय वाणिज्य बैंक समेतको मुद्धा नं. ०७५-WO-०५१२ र राम बृक्ष मण्डल विरुद्ध कृषि विकाश बैंक समेत भएको मुद्धा नं. ०७५-WO-०५१३ मा सर्वोच्च अदालतबाट मिति २०७८।०८।२१ मा भएको फैसला बमोजिम कर्मचारीलाई स्वीकृत अवकाश कोषबाट भएको भुक्तानीमा आयकर ऐन २०५८ को दफा ८८ (१) को प्रतिवन्धात्मक वाक्यांस (१) बमोजिम ५% का दरले कर लाग्ने भन्ने भएकोले उक्त फैसला बमोजिम ने.वि.प्रा. कर्मचारी सेवा शर्त विनियमावली २०७५ मा आवश्यक संशोधन गरी अवकाश भुक्तानीका रकमहरु ने.वि.प्रा. अवकाश कोष मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउदा फैसलाको मर्म अनुसार सेवा निवृत्त हुने कर्मचारीलाई न्याय पर्न जाने देखिन्छ।

यस सन्दर्भमा उपरान्त देखि ने.वि.प्रा.को स्वीकृत अवकाश कोष मार्फत ने.वि.प्रा. कर्मचारी सेवा, शर्त विनियमावलीमा ब्यवस्था भए बमोजिम संचित विदा, औषधि उपचार, बीमा, उपदान आदि स्वीकृत अवकाश कोष मार्फत एकमुष्ट भुक्तानी उपलब्ध गराउने र उक्त अवकाश भुक्तानी गर्ने प्रयोजनको लागि Actuarial Valuation एवम विनियोजित बजेटको परिधिभित्र रहि ने.वि.प्रा. अवकाश कोषमा रकम पठाउने ब्यवस्थाका लागि ने.वि.प्रा. कर्मचारी सेवा शर्त विनियमावली २०७५ मा संशोधन गर्नुपर्ने भएको छ।

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ को विनियम १०३ मा अवकाश कोष सम्वन्धि व्यवस्था निम्नानुसार रहेको छः

(१) विनियम १०१ र विनियम १०२ मा जुनसुकै कुरा लेखिएको भए तापनि मिति २०६३।०४।०१ देखि स्थायी नियुक्ति भएको कर्मचारीहरुले सो अनुसार उपदान तथा निवृत्तिभरण पाउने छैनन्। यस्ता कर्मचारीलाई उपदान अवकाश कोष मार्फत उपदान दिइनेछ।

(२) मिति २०६३।०४।०१ देखि स्थायी नियुक्ति भएका कर्मचारीले खाईपाई आएको तलबको दश प्रतिशत रकम अनिवार्य रुपले कट्टी गरी त्यति नै रकम प्राधिकरणले थप गरी हुन आउने रकम अवकाश कोषमा जम्मा गरिनेछ।

(३) मिति २०६३।०४।०१ भन्दा अगाडि स्थायी नियुक्त भएका कर्मचारी अवकाश भएपछि पाउने रकम भुक्तानी गर्ने प्रयोजनको लागि प्राधिकरणले समय समयमा उपविनियम (१) बमोजिमको कोषमा रकम पठाउन सक्नेछ।

(४) उपविनियम (१) बमोजिम स्थापना भएको कोषमा बीमा लगायत जम्मा हुने रकमको व्यवस्थापन, सञ्चालन, कोष कट्टी प्रकृया र भुक्तानी सम्बन्धी व्यवस्था अवकाश कोष सम्बन्धी कार्यविधि समितिले बनाई लागू गर्नेछ।

ऐ विनियमावलीको विनियम ११४ (२) मा बीमा अवधि पुरा भई बीमा कम्पनीबाट कर्मचारीको बीमा प्राप्त रकम सम्वन्धित कर्मचारीलाई उपलब्ध गराईने व्यवस्था उल्लेख छ। यस सन्दर्भमा ने.वि.प्रा. का कानूनी सल्लाहकार श्री शरद प्रसाद कोइरालाबाट निम्न राय प्राप्त भएको छ।

(क) प्रस्तुत विषयमा मूलतः सम्मानित सर्वोच्च अदालबाट मिति २०७८।८।२१ मा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानी सम्वन्धमा ५% का दरले कर लाग्ने आदेशको आधारमा निवेदकबाट निवेदन गरेको देखिन्छ। उपरोक्त फैसला (आदेश) लागू हुन तथ्यगत सामिप्यता हुनुपर्ने हुन्छ। सम्मानित सर्वोच्च अदालबाट स्वीकृत अवकाश कोषबाट हुने भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ६५(१) बमोजिम आय वा लाभमा दफा ८८(१) को प्रतिवन्धात्मक वाक्यांश (१) बमोजिमको करको दर लागू हुने व्याख्या भएको छ।

(ख) सर्वोच्च अदालबाट भएको व्याख्या अनुसार ५% करको दर लागू हुन त्यस्तो रकम भुक्तानी गर्ने निकाय पहिचान हुनुपर्ने देखिन्छ। कर्मचारीलाई स्वीकृत अवकाश कोष (कानूनतः स्वीकृत अवकाश कोष मानिने) निकायबाट भुक्तानी भएको अवस्था भएमा आयकर ऐन २०५८ को दफा ८८(१) को प्रतिवन्धात्मक वाक्यांश (१) बमोजिम हुन सक्ने अवस्था देखिन आउँछ।

<u>नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७८/१२/२३ को ९०४औं बैठकको निर्णय</u>

नेपालका अधिकांश वाणिज्य बैकहरुले आयकर ऐन २०५८ को दफा ६३ र आयकर नियमावली, २०५९ को नियम २०(१) बमोजिम स्वीकृति लिई अवकाश कोष सञ्चालन गरेको र सोही कोषबाट कर्मचारी अवकाश हुँदा पाउने रै रकमहरु भुक्तानी गर्ने गरिरहेका छन्।

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ को विनियम १०३ मा व्यवस्था भएको अवकाश कोषलाई पूर्ण रुपमा सञ्चालनमा ल्याउनु पर्ने र सो को लागि नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ मा केहि प्रावधान थप/संशोधन गर्नु पर्ने भएको हुँदा सो को स्वीकृतिका लागि कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई देहायबमोजिम निर्णय भयो:

<u>निर्णयः</u>

नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०७५ मा संलग्न मस्यौदा बमोजिम हुने गरी संशोधन गर्ने।

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७८/१२/२३ को ९०४औं बैठकको निर्णय

| सि.नं. | विवरण | हालको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन थप वा खारेज गर्नुपर्ने |
|---|---|---|---|---|
| १ | १०३ अवकाश कोष सम्बन्धी व्यवस्था | (३) मिति २०६३।०४।०१ भन्दा अगाडि स्थायी नियुक्ती भएको कर्मचारी अवकाश भएपछि पाउने रकम भुक्तानी गर्ने प्रयोजनको लागि प्राधिकरणले समय समयमा उपविनियम (१) वमोजिमको कोषमा रकमपठाउन सक्नेछ। | (३) मिति २०६३।०४।०१ भन्दा अगाडि स्थायी नियुक्ती भएको कर्मचारी अवकाश भएपछि पाउने रकम भुक्तानी गर्ने प्रयोजनको लागि प्राधिकरणले समय समयमा उपविनियम (१) वमोजिमको कोषमा रकम पठाउनेछ। | कर्मचारी अवकाश भए पछि भुक्तानी गर्नुपर्ने रकम ने.वि.प्रा. अवकाश कोषबाट भुक्तानी गर्नुपर्ने भएकोले। |
| | | (४) उप विनियम (१) वमोजिम स्थापना भएको कोषमा बीमा लगायत जम्मा हुने रकमको व्यवस्थापन, सञ्चालन, कोष कट्टी प्रकृया र भुक्तानी सम्बन्धि व्यवस्था अवकाश कोष सम्बन्धी कार्यविधि समितिले बनाई लागु गर्नेछ। | (४) खारेज | ने.वि.प्रा. अवकाश कोष विधान २०७० अनुसार अवकाशकोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था अवकाशकोष स्वयंले गर्ने व्यवस्था भए अनुसार खारेज गर्नुपर्ने भएको। |
| | | व्यवस्था नरहेको | *(५) उपविनियमा (१) र (३) वमोजिम कर्मचारी अवकाश हुँदा वा मृत्यु भएको अवस्थामा यस विनियमावली वमोजिम दिईने बिदा, औषधी उपचार, बीमा, उपदान, कर्मचारी सुरक्षणकोषमा जम्मा भएको रकम लगायतका अवकाश भुक्तानीका रकमहरु स्वीकृत अवकाशकोष मार्फत भुक्तानी हुनेछ। यसरी भुक्तानी गरिने रकम प्राधिकरणले आवधिक वा एकमुष्ठ रुपमा सम्बन्धित अवकाशकोषमा पठाउनेछ।*<br>*स्पष्टिकरण: अवकाश भुक्तानी भन्नाले ने.वि.प्रा. कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ वमोजिम कर्मचारीको* | आयकर ऐन, २०५८ तथा आर्थिक ऐन, २०७५ को व्यवस्थालाई सम्मानित सर्वोच्च अदालतको रिट नं. ०७५-WO-०५१२ र ०७५-WO-०५१३ को निवेदनमा मिति ०७८।०८।२१ गते आदेश भएकोले ने.वि.प्रा. मा रहेको अवकाश कोष विधान २०७० अनुसार व्यवस्था गर्न। |

| | | | | |
|---|---|---|---|---|
| | | | *अवकाश/ मृत्यु, भएपछि भुक्तानी गर्नुपर्ने संचित बिदा, औषधी उपचार, बीमा, उपदान, कर्मचारी सुरक्षणकोषमा जम्मा भएको रकम लगायतका अवकाश भुक्तानीको रकम सम्बन्धित कर्मचारी वा निजको नजिकको हकवालालाई एकमुष्ट भुक्तानी हुने रकमलाई बुझाउनेछ ।* | |
| | | व्यवस्था नरहेको | *(६) प्राधिकरणले विनियम १०३ वमोजिम ने.वि.प्रा. अवकाश कोषमा पठाएको रकम र उक्त कोष मार्फत भुक्तानी गरिएको रकमको यथार्थ विवरण अवकाश कोषबाट प्राप्त गरी हिसाव अद्यावधिक राख्नु पर्नेछ ।* | अवकाश भुक्तानी रकमलाई व्यवस्थीत र जवाफदेहि वनाउन आवश्यक भएकोले । |
| २ | ११४ बीमा | (२) बीमा अवधि पुरा भई बीमा कम्पनीबाट कर्मचारीको बीमावापत प्राप्त रकम सम्वन्धित कर्मचारीलाई उपलब्ध गराइनेछ । | (२) बीमा अवधि पुरा भई बीमा कम्पनीबाट कर्मचारीको बीमावापत प्राप्त रकम **अवकाश कोष मार्फत संचालनमा रहेको** विनियम १६४ वमोजिमको कर्मचारी सुरक्षणकोषमा पठाईनेछ । कर्मचारी अवकाश हुँदा उक्त रकम ***विनियम १०३ वमोजिमको अवकाश कोषबाट भुक्तानी हुनेछ ।*** | अवकाश कोषको विधान २०७० अनुसार ने.वि.प्रा. अवकाश कोषबाट भुक्तानी हुने रकम व्यवस्थित गर्न । |